# कुमाल बालबालिकाको शैक्षिक अवस्था

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह, दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन
विषय अन्तर्गतको आंशिक आवश्यकता पूरा
गर्नका लागि तयार पारिएको

**शोध-पत्र**

शोधकर्ता
कल्पना श्रेष्ठ
एम.एड. दोस्रो वर्ष
परीक्षा रोल नं. २८००४४/०६७
त्रि.वि. दर्ता नं.: ९-२-३७५-४७-२००५

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं

२०६९

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**सिफारिस-पत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौंको पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषय अन्तर्गतको आंशिक आवश्यकता पूरा गर्नका लागि कल्पना श्रेष्ठले **कुमाल बालबालिकाको शैक्षिक अवस्था** विषयक शीर्षक शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म पूर्ण सन्तुष्टि भएकोले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.....................................

प्राध्यापक स्वयप्रकाश ज.ब.रा.

शोध निर्देशक

17 August 2012

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कीर्तिपुर काठमाडौं पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षका लागि शिक्षा शोध पाठ्यांशका निमित्त कल्पना श्रेष्ठले **कुमाल बालबालिकाको शैक्षिक अवस्था** शीर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकोले यो शोध प्रस्तावना मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति** **हस्ताक्षर**

१. प्रा. स्वयं प्रकाश ज.ब.रा. ..........................
विभागीय प्रमुख तथा शोध निर्देशक
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

२. रविन्द्र सिवाकोटी ..........................
बाह्य परीक्षक

३. विश्वबाला थापा ..........................

बाह्य परीक्षक

मितिः 2 September, 2012

# कृतज्ञताज्ञापन

प्रस्तुत "कुमाल बालबालिकाको शैक्षिक अवस्था" शीर्षकको शोधपत्रको प्रस्तावना कार्यदेखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिइ आवश्यक निर्देशन, सल्लाह,सुझाव एवं प्रेरणा प्रदान गर्नुहुने पाठ्यक्रम मूल्यांकन विभागका प्रा. स्वयंम प्रकाश ज.ब.रा. ज्यू प्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु ।

शोधपत्र तयारीका क्रममा स्वीकृति प्रदान गरी अनुसन्धान गर्ने अवसर दिनुहुने विभागीय प्रमुख प्रा.डा. स्वयम् प्रकाश ज.ब.रा.ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । समय समयमा सल्लाह, सुझाव प्रदान गर्नुहुने सह प्रा. नारायण बस्नेतज्यू, उप प्रा. किरणराम रञ्जितकार ज्यू, यशोधरा पन्त ज्यू, विश्वबाला थापाज्यूप्रति धन्यवाद ज्ञापन गर्दछु ।

शोधपत्रका क्रममा आवश्यक सूचना उपलब्ध गराइ सहयोग पुऱ्याउनु हुने मुरलीभञ्ज्याङ्ग गा.वि.स. का २ वटै विद्यालयका शिक्षक, शिक्षिकाहरु, कुमाल विद्यार्थीहरु र अभिभावकहरुमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । अध्ययन क्षेत्रमा तथ्यांक संकलन गर्ने कार्यमा सहयोग गर्ने बहिनीहरु सरस्वती श्रेष्ठ, सावित्री श्रेष्ठ र जानुका लम्साल प्रति धन्यवाद ज्ञापन गर्दछु । भौतिक तथा आर्थिक सहयोग गरेर उच्च शिक्षा सम्म पढ्ने अवसर दिनुहुने आदरणीय बुबा रणबहादुर श्रेष्ठ, आमा इन्द्रकुमारी श्रेष्ठ र सहयात्री विनोद श्रेष्ठप्रति हार्दिक कृतज्ञ ज्ञापन गर्दछु । साथै शोधपत्र लेखनमा प्रोत्साहन, सहयोग र सुझावहरु प्रदान गर्नुहुने मेरा सहपाठी मित्रहरुप्रति धन्यवाद दिन चाहन्छु ।

**कल्पना श्रेष्ठ**

# शोधसार

कुनै पनि अध्ययन गर्नुपूर्व कुन शीर्षकमा, कहाँ, किन र कसरी गर्ने भन्ने कुराको निश्चित गर्नु आवश्यक छ । त्यसैले यस अध्ययनको लागि पनि "कुमाल बालबालिकाहरुको शैक्षिक अवस्था" शीर्षकको यो अध्ययन धादिङ जिल्ला मुरलीभञ्ज्याङ गा.वि.स. वडा नं. ३ मा गरिएको थियो । यस अधययनको उद्देश्यहरु कुमाल बालबालिकाहरुको विद्यालय सहभागिताको स्थिति पत्ता लगाउनु, कुमाल बालबालिकाहरुको शैक्षिक स्तर पहिचान गर्नु, कुमाल बालबालिकाहरुको शिक्षाका लागि गरिएका प्रयासहरुको लेखाजोखा गर्नु रहेको थियो ।

यस अध्ययनमा गुणात्मक र संख्यात्मक विधिको प्रयोग गरिएको थियो । अधययनको लागि २ वटा विद्यालयहरु (रत्नदेवी प्रा.वि. र गायत्री देवी प्रा.वि. वडा नं. ३ का सम्पुर्ण कुमाल घरधुरी, स्थानीय अगुवा कुमाल अभिभावकहरु, दुवै विद्यालयका सम्पूर्ण शिक्षकहरु र विद्यार्थीहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो, अध्ययनका साधनहरु घरधुरी सर्वेक्षण फाराम, विद्यालय सर्वेक्षण फाराम, शिक्षकका लागि प्रश्नावली, अभिभावकका लागि प्रश्नावली र विद्यार्थीका लागि समूह छलफलको लागि प्रश्नावली प्रयोग गरियो । अध्ययन क्षेत्रमा कुमाल घरधुरी संख्या ६३ रहेको जम्मा जनसंख्या ३०० जना, जसमा पुरुष १४४ र महिला १५६ जना रहेको पाइयो भने साक्षरता अवस्था हेर्दा २.३३%, निरक्षरता ७%, आधारभूत शिक्षा ४५%, माध्यमिक शिक्षा ७% र उच्च शिक्षा प्राप्त गर्ने १.२३% रहेको पाइयो । ५ वर्षदेखि २२ वर्ष सम्मका १४४ कुमाल बालबालिकाहरु मध्ये विद्यालय जाँदै गरेको ९६ जना र विद्यालय नगएको ४८ जना रहेको पाइयो । लैङ्गिक रुपमा हेर्दा छात्रभन्दा छात्राहरुको संख्या कम विद्यालय गएको पाइयो । वि.सं. २०६९ साल कुमाल बालबालिकाको भर्ना स्थिति हेर्नुपर्दा कक्षा १-५ सम्ममा जम्मा २५४ जना भर्ना भएकोमा कुमाल जातिका छात्र ९२ जना र छात्रा ८१ जना रहेका पाइयो । त्यसैगरी कक्षागत रुपमा वि.सं. २०६८ सालको औसत हाजिरी हेर्दा कक्षा १-५ सम्मका १७०-१७३ दिन रहेको पाइयो । २०६८ सालमा जम्मा १९२ कुमाल विद्यार्थीमा कक्षा १-५ सम्म उत्तीर्ण हुनेमा संख्या १६५ जना रहेको पाइयो । कक्षा ५ मा अध्ययनरत कुमाल र अन्य विद्यार्थीको विषयगत उपलब्धि हेर्दा सम्पूर्ण विषयमा कुमालको उपलब्धि स्तर ४५.४१% र अन्य जातीको विद्यार्थीको उपलब्धि स्तर ४९.४१% रहेको पाइयो । वि.सं. २०६८ सालमा कक्षा १-५ सम्म विद्यालय भर्ना भएको जम्मा विद्यार्थी संख्या १९२ जनामा कक्षा छाड्ने २ जना र कक्षा दोहोऱ्याउनेको संख्या २७ रहेको पाइयो ।

कुमाल बालबालिकाको शैक्षिक उपलब्धि राम्रो छ भन्ने ३०.०३%, नराम्रो छ भन्ने १४.३४% र सन्तोषजनक छ भन्ने ५५.६१% सरोकारवालाहरु पाइयो । तसर्थ शैक्षिक उपलब्धिको बारेमा प्रश्न गर्दा सबैभन्दा बढी सन्तोषजनक भन्ने र सबैभन्दा थोरैले नराम्रो छ भन्ने जवाफ पाइयो । त्यसैगरी कुमाल बालबालिकाको उपलब्धि स्तर नराम्रो हुने कारणहरुमा सबैभन्दा बढी ९०% शिक्षकले शिक्षा प्रति विद्यार्थीमा सकारात्मक सोचाईको कमी भएको बताएको पाइयो भने उपलब्धि स्तर नराम्रो हुने

कारणहरुमा अभिभावकमा शिक्षाको कमीमा ५५%, सामाजिक विकृतिको कारण ४६% र घरायसी काममा जोड दिनुपर्ने भन्ने शिक्षक ३७% रहेको पाइयो भने कुमाल बालबालिकाको शैक्षिक उपलब्धिस्तर राम्रो बनाउन विद्यार्थीहरु पढाई प्रति बढी चिन्तनशील हुनुपर्नेमा ८२ प्रतिशत शिक्षक, दैनिक रुपमा विद्यालय उपस्थित हुनुपर्नेमा ७३%, नियमित रुपमा पठनपाठन हुनुपर्नेमा ४६%, विद्यार्थी लगनशील र इमान्दार हुनुपर्नेमा ५५% र पढाईप्रति विद्यार्थीको जोस जाँगर र सकारात्मक सोचाई हुनुपर्नेमा ६४% रहेको पाइयो । तसर्थ पढाई प्रति विद्यार्थी बढी चिन्तनशील हुनुपर्नेमा शिक्षकले बढी जोड दिइएको पाइन्छ । कुमाल विद्यार्थीको शिक्षाका लागि गरिएका प्रयासहरुमा सरकारी, गैरसरकारी तथा व्यक्तिले समेत सहयोग गरेको पाइयो जहाँ जिल्ला शिक्षा कार्यालय धादिङ्ग, गा.वि.स., आसमान नेपाल, प्रयास नेपाल, सिसम जाइका, शान्ती नेपाल र व्यक्तिमा एकराज सिलवाल र डा. राजाराम कार्कीले समेत विद्यालयमा आर्थिक एवं स्वास्थ्य सम्बन्धी सहयोग गरेको पाइयो । कुमाल विद्यार्थीको लागि विद्यालय सान्दर्भिकताबारे सरोकारवालाहरुको प्रतिक्रियामा शिक्षक, अभिभावक र विद्यार्थीले पढेपछि रोजगार पाइने खालको शिक्षा हुनुपर्ने, उनीहरुले पढेर केही काम गरेर आफ्नो जीवनयापन सजिलै गर्न सक्ने खालको शिक्षा हुनुपर्ने, प्रतिक्रिया आएको थियो । कुमाल बालबालिकाको शैक्षिक व्यवस्थापनमा सरोकारवालाहरुको प्रतिक्रियामा अभिभावकले आफ्ना बच्चाहरुलाई निःशुल्क रुपमा उच्च शिक्षा पढाई दिनुपर्ने स्कूलमा कुनै पनि जात भनी भेदभाव नगरी समान रुपमा विद्यालयमा रमाइलो वातावरणका साथ पढाउनु पर्ने, शिक्षकको प्रतिक्रिया कुमाल विद्यार्थीहरु पनि स्कूलमा आएपछि अनुशासित भइ विद्यालयमा शिक्षकले भनेको कुरामा राम्ररी ध्यान दिइ पढ्ने, नियमित विद्यालय आउने, आएर पनि नभाग्ने, नियमित गृहकार्य गर्ने गरेमा राम्रो शिक्षा दिन सकिन्थ्यो भन्ने मत दिनुभएको थियो ।

विद्यालय सहभागिता बढाउनुको लागि विद्यालय पोशाक, स्टेशनरी सामान, खाजाको व्यवस्था सरकारी तवरबाट गरिनुपर्ने देखियो । विद्यालय छाड्ने प्रकृति कम गराउन, दलित, जनजाति र पछाडि परेका समुदायका केटाकेटीहरुलाई विद्यालय नियमित भएको पुरस्कारको व्यवस्था गरिनुपर्ने देखियो । विद्यालय भर्नादर, कक्षा छाड्ने प्रवृत्ति तथा कक्षा दोहोर्‍याउने प्रवृत्तिमा कमी ल्याउन उनीहरुका अभिभावकलाई विद्यालयमा बोलाएर उनीहरुको चेतनामा विकास हुने कार्यक्रम गर्नुपर्ने देखियो ।

# विषयसूची

**सिफारिस-पत्र**

**स्वीकृति-पत्र**

**कृतज्ञताज्ञापन**

**शोधसार**

**विषयसूची**

**तालिका सूची**

| | | |
|---|---|---|
| **परिच्छेद-एकः परिचय** | | **१-८** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| | १.१.१ अध्ययन क्षेत्रको परिचय | ३ |
| १.२ | अध्ययनको महत्व/औचित्य | ४ |
| १.३ | समस्याको कथन | ६ |
| १.४ | अध्ययनको उद्देश्य | ७ |
| १.५ | अध्ययनको सीमाङ्कन | ८ |
| १.६ | सम्बन्धित शब्दावलीको परिभाषा | ८ |
| **परिच्छेद- दुईः सम्बन्धित साहित्यको पूनरावलोकन** | | **९-१७** |
| २.१ | जनजातिको परिचय | ९ |
| २.२ | कुमाल जातिका परिचय | ९ |
| २.३ | जनजातिको अधिकार सम्बन्धी विश्वव्यापी तथा राष्ट्रिय घोषणाहरु | ११ |
| २.४ | सबैका लागि शिक्षाका प्रयासहरु | १३ |
| २.५ | सम्बन्धित अध्ययनको पूनरावलोकन | १५ |
| २.६ | अवधारणात्मक ढाँचा | १७ |
| **परिच्छेद-तीनः अध्ययन विधि** | | **१९-३७** |
| ३.१ | अनुसन्धानमूलक ढाँचा | १९ |
| ३.२ | अध्ययन जनसंख्या र नमूना छनौट | १९ |
| | ३.२.१ अध्ययन क्षेत्रको छनौट | १९ |
| | ३.२.२ विद्यालय छनोट | १९ |
| | ३.२.३ घरधुरी छनौट | २० |
| | ३.२.४ अभिभावक छनौट | २० |
| | ३.२.५ शिक्षक छनोट | २० |
| | ३..२.६ विद्यार्थी छनौट | २० |
| ३.३ | अध्ययन साधनहरुको निर्माण | २० |

३.३.१ विद्यार्थी विवरण फाराम २१
३.३.२ घरधुरी सर्वेक्षण फाराम २१
३.३.३ शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली २१
३.३.४ अभिभावकहरुका लागि अन्तर्वार्ता प्रश्नावली २१
३.३.५ विद्यार्थी समूह छलफल निर्देशिका २१
३.४ साधनको वैधता निर्धारण २२
३.५ तथ्यांक संकलन प्रक्रिया २२
३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया २२

**परिच्छेद चारः तथ्याङ्कको विश्लेषण तथा व्याख्या २३-३८**
४.१ जनसाङ्ख्यिक स्थिति २३
४.२ कुमालहरुको शैक्षिक स्थिति २३
४.२.१ विद्यालय जाने उमेरका बालबालिकाको शैक्षिक अवस्था २४
४.२.२ भर्ना संख्या २५
४.२.३ औसत हाजिरी २६
४.२.४ कुमाल बालबालिकाको सफलतादरको अवस्था २६
४.२.५ विषयगत उपलब्धि स्तर २७
४.२.६ कक्षा छाड्ने र दोहोर्‍याउने प्रवृति २८
४.३ शैक्षिक उपलब्धिबारे सरोकारवालाहरुको प्रतिक्रिया २९
४.४ विद्यालय शिक्षाको सान्दर्भिकताबारे सरोकार वालाहरुको प्रतिक्रिया ३३
४.५ कुमाल बालबालिकाहरुको शिक्षाका लागि गरिएका प्रयासहरु ३५
४.६ कुमाल बालबालिकाहरुको शैक्षिक व्यवस्थापनमा देखापरेका समस्याहरु र समाधानका लागि गरिएको उपायहरुमा सरोकारवालाहरुको प्रतिक्रिया ३६

**परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष र सुझावहरु ३९-४**
५.१ प्राप्तिहरु ३९
५.२ निष्कर्ष ४१
५.३ सुझावहरु ४२
५.३.१ नीतिगत तह ४२
५.३.२ कार्यान्वयन तह ४३
५.३.३ अभ्यास तह ४३

**सन्दर्भग्रन्थ सूची ४३-४४**
**अचुसूचीहरु ४५-४७**

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं. १ | : विभिन्न जिल्लाको कुमाल जातिको साक्षरता% | ३ |
| तालिका नं. २ | : कक्षा ५ को विद्यार्थी संख्या | २० |
| तालिका नं. ३ | : अध्ययन क्षेत्रका कुमाल जातिको जनसंख्या र शैक्षिक स्थिति | २४ |
| तालिका नं. ४ | : उमेर अनुसार विद्यालयमा पहुँच, २०६९ | २५ |
| तालिका नं. ५ | : प्राथमिक विद्यालयको कुमाल बालबालिकाको कक्षागत भर्ना संख्या २०६९ | २५ |
| तालिका नं. ६ | : कक्षागत आधारमा कुमाल विद्यार्थीको औसत हाजिरी दिन, २०६८ | २६ |
| तालिका नं. ७ | : प्राथमिक विद्यालयको कक्षागत रुपमा कुमाल बालबालिकाहरुको उत्तीर्ण, अनुत्तीर्ण संख्या, २०६८ | २७ |
| तालिका नं ८ | : कक्षा ५ को विद्यार्थीको विषयगत उपलब्धिस्तर | २८ |
| तालिका नं. ९ | : कक्षागत आधारमा कुमाल बालबालिकाहरुको कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने संख्या, २०६८/६९ | २९ |
| तालिका नं. १० | : शैक्षिक उपलब्धी स्तरबारे सरोकारवालाहरुको प्रतिक्रिया | ३० |
| तालिका नं. ११ | : शैक्षिक उपलब्धिस्तर नराम्रो हुने कारणहरु बारे शिक्षकहरुको प्रतिक्रिया | ३० |
| तालिका नं. १२ | : शैक्षिक उपलब्धिस्तर राम्रो बनउने तरिकाबारे शिक्षकहरुको प्रतिक्रिया | ३१ |